जिल्ला विकास समितिको कार्यालय, अर्घाखांची

सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदन

स्थानीय विकास अधिकारी

पृष्ठभूमी:

जिल्ला विकास समिति र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रमको आवश्यकता महसुस भई आ.व. ०७१/०७२ को प्रथम चौमासिक अवधिमा सो कार्यक्रमको आयोजना भई सम्पन्न भएको छ ।

## सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य:

जिल्ला विकास समितिबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने यस कार्यक्रमको उद्देश्य हो ।

## सार्वजनिक सुनुवाइको कार्यक्रम संचालन देहाय बमोजिम रहेको :

क) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा ,

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश ,

ग) आचार संहिताबारे जानकारी ,

घ) सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी

ङ) सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन ,

ज) जिविसका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने,

झ) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने,

ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने ,

ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।

**कार्यक्रममा लागु गरिएको आचासंहिता:**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्ने समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा मर्यादामा आँच आउने भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

**सार्वजनिक सुनुवाईका मुख्य प्रतिवेदन:**

- सार्वजनिक सुनुवाइ संयोजन गर्ने: स्थानीय विकास अधिकारी हरिप्रसाद ज्ञवाली
- सुनुवाइ गरिएका विषयवस्तुहरु

क) विकास निमार्ण ख) सेवाप्रवाह

कार्यक्रम आयोजना स्थल :- ठाडा [illegible]

कार्यक्रम आयोजना गरिएको मिति : २०७१।०७।२६ र समय : दिउसो १२.३०बजे

कार्यक्रम सञ्चालन गरिएको समयावधि ३ घण्टा ( दिउसो १.०० बजे देखि ४.०० बजे सम्म )

उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्रम संख्या | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | रामप्रसाद श्रेष्ठ, ठाडा १ | • स्थानीय स्तरमा कार्यक्रम आयोजना भएको मा आभार व्यक्त<br>• ठाडा दह विकासका लागि जिल्ला विकास समितिवाट सहयोग भएको थप सहयोगका लागि अनुरोध<br>• इलाका कार्यालय स्थापनामा जोड दिन | स्थानीय विकास अधिकारी श्री हरि प्रसाद ज्ञवाली | • कार्यक्रमका उपस्थित भई विकास निमार्ण र सेवाप्रवाहको विषयमा गुनासो सुझाव , सल्लाह गरिएका कार्यको प्रसंशा गर्ने सवैलाई धन्यावाद ।<br>• आगामी आ.ब. २०७२।७३ को योजना तर्जुमा प्रक्रिया थालनी हुन लागेको जानकारी र सवैलाई सक्रिय रहन सुझाव ।<br>• आवधिक जिल्ला विकास योजना |

जिल्ला विकास समितिको कार्यालय

स्थानीय विकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | आग्रह | | तर्जुमाको प्रक्रिया अगाडि बढेको यसमा सबैलाई सक्रिय रहन आग्रह । |
| २ | चिन्तामणि पौडेल, ठाडा | • यस क्षेत्रका विभिन्न योजनामा बजेट आए जस्तो लाग्छ र कार्यान्वयमा उपलब्धी भए जस्तो लाग्दैन ।<br>• गाविस सचिवको स्थायित्व नहुदा नागीकता लागि सिफारिस र अन्य काममा कठिनाई भएको ।<br>• स्थानीय सडकहरु मर्मत भएका छैनन । वडानागरिक मंच र राजनीतिक दलहरुवाट केही भएको छैन । | | • जिल्ला सडक गुरुयोजनाको सन्दर्भमा जानकारी ।<br>• पर्यटन गुरुयोजना बनाएर अगाडी बढन प्रयत्न गरिने ।<br>• गाविस सचिवलाई गाविसमा बसेर काम गर्न निर्देशन दिईसकेको जानकारी र दुई गाविसमा काम गर्ने सचिवलाई कुन गाविसमा कुन दिन काम गर्ने हो सोको कार्य योजना वनाई सवै जनताई थाहा दिई काम गर्न थप निर्देशन गरिएको सो को कार्यान्वयन नभएको पाईएमा जिविसलाई जानकारी दिन सवैमा अनुरोध । |
| [illegible] | कृष्णप्रसाद अधिकारी | योजना तर्जुमा प्रकिया ठिक छ । कार्यान्वयन ठिक छैन । दलको भागवण्डा भएर होकी उपभोक्ताले भनेजस्तो छैन । | | • विकास निमार्णको अगुवाई राजनीतिक नेतृत्वले गर्ने हो । जनप्रतिनिधि मुलक सस्था नभएको अवस्थामा वडा, गाविस र जिविसमा क्रमश वडा नागरिक मंच, गाविस सचिव र स्थानीय विकास अधिकारीलाई अधिकार दिईएको छ । यी निकायको सहजीकरण राजनीति दलहरुले गर्नुपर्छ । वर्तमान अवस्थामा अधिकार पाएका निकाय (व्यक्ति) र राजनीतिक दल प्रतिष्पर्धी होईनन । |
| ४ | हृस्तवहादुर लामिछाने, जुकेना ८ | • सित खोलामा मोटरेवल पुल कहिले निमार्ण हुन्छ<br>• देउराली वंसारी दुर्वाङ असुरकोट मोटरबाटोको अवस्था केही ।<br>• जुकेनामा विजुली हाल हालसम्म बोलेको छैन । यस सम्वन्धमा के भएको छ ।<br>• पाल्पा अर्घाखाची प्यूठान जोड्ने सडक सम्वन्धमा के भएको छ । | | • योजना प्रक्रिया र कार्यान्वयनको सन्दर्भमा सवै पक्ष विकासको अवधारणातर्फवाट अगाडी बढ्नु पर्छ । विकासको अर्थलाई सवैले एकै खालले हेर्नुपर्छ । गाउंमा कार्यक्रम जांदा कति जनश्रम |
| ५ | हेमन्त कुमार वेल्वासे, ठाडा | | | |

स्थानीय विकास अधिकारी

<table>
<tr><td>६</td><td>भगवती बेल्वासे, ठाडा १</td><td>विकास निर्माणको बारेमा कहा के हुन्छ हामिलाई थाहा छैन ।</td><td></td><td rowspan="3">हुन्छ । ५० लाखको योजना ५० हजारवाट सुरु गर्नुपर्छ त्यसैले कुनै कार्यक्रमको तत्कालै प्रभावकारीता नदेखिन सक्छ । तपाईहरुले उठाएका कुरामा सहमत हुदाहुदै पनि प्रभाकारी बनाउन कठिनाई छ । यसमा सवैको भूमिका उत्तिकै हुनुपर्छ ।<br><br>• कुनै पनि सस्थाको नेतत्व प्रमुख हुन्छ । अध्यक्ष समितिका सदस्य र उपभोक्ताहरुलाई समितिले गरेका कामको सवै पक्ष जानकारी दिनुपर्छ ।<br><br>• अनुगमनका सन्र्दभमा उपभोक्तालाइ सचेतीकरण गरि जिम्मेवार वनाउनु पर्छ । अनुगमनको जिम्मा जिविस गाविस सवैको हो । यो प्रक्रियालाई अझ सशक्त बनाईने छ ।<br><br>• सितखोलाको पुल निमार्ण यसै वर्ष देखि शुरु हुने छ ।<br><br>• पाल्पा अर्घाखांची र प्यूठान जिल्ला जोड्ने सडक त्यही नामलाई प्राथमिकता नदिए पनि यसका खण्ड खण्डमा काम भैरहेको छ ।<br><br>• नागरिक सचेतना केन्द्को माग वमोजिमको खानेपानी योजनाको लागि गत आषाढ महिनामा योजना स्वीकृत भई रु. ३ लाख १० हजार गाविस मार्फत कार्यान्वयन हुने गरि गाविसको खातामा रकम पठाएको । कार्यान्वयनको लागि सम्झौता भई उ.स.को नाममा रु. ९४००० पेश्कि दिईएको रहेछ</td></tr>
<tr><td>७</td><td>हुमबहादुर रायमाझी ,ठाडा ५</td><td>• नागरिक सचेतना केन्द्रको खानेपानी योजना सम्पन्न भएको छैन । उ.स.को खातामा बजेट पनि छैन ।<br><br>• सामाजिक परिचालकको भूमिका र जिम्मेवारी केहो ।<br><br>• ठाडामा आएका ६ वटा आईरन पोल अन्य गाविसमा किन गए ।<br><br>• वार्ड नं. १ र ४ का २ वटा सम्पन्न योजनाका उपभोक्ताको फाईल उ.स.को झोलामा हुदा उपभोक्ताले समयमा बजेट भुक्तानी पाएनन ।<br><br>• वडानागरिक मंच बनाउने जनताले होकी सामाजिक परिचालकले । वार्ड नं. ५ मा छैन। वार्ड नं. ३ मा म्याद थप गर्नु भयो ।</td><td></td></tr>
<tr><td></td><td>नरेन्द्र श्रेष्ठ, ठाडा १</td><td>ठाडा दहको लागि केन्द्र रजिल्ला विकास समितिवाट केही बजेट परि काम गरिएको , कामहरु अधुरा रहेका छन यी काम पुरा गर्नु बाहेक थप पानी खसाउनुपर्ने छ । यसका लागि विशेष व्यस्था गर्न अनुरोध । गाविसमा खेलकुदका लागि ९० हजार बजेट विनियोजन भएको विना कार्यक्रम गाविसले</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | बजेट निकासा गरेको यसमा स्पष्ट पार्न अनुरोध | | हालसम्म काम सम्पन्न नभएकोले सो योजना छिटो सम्पन्न गराउन सबै सरोकारवालाहरुलाई निर्देशन ।<br>• सामाजिक परिचालकले आफ्नो भूमिकामा रही काम गर्नु पर्छ । गाविस र राजनितिक दलको होइन । त्यस्तो हो भने तत्काल आफ्नो भूमिकामा रहन निर्देशन । सो को पालना नभएमा जिविसमा जानकारी दिन सबैलाई अनुरोध ।<br>• जसरामेका जनतालाई योजना तर्जुमा प्रकियामा सहभागी भै आफ्ना योजनालाई प्राथमिकताका साथ ल्याएमा सम्वोधन गरिने प्रतिवद्धता ।<br>• जिल्ला पर्यटन गुरुयोजना वनाउने कममा यी सुझावहरुलाई समेटन् पर्ने धारण राखियो ।<br>• **स्थानीयको मागलाई सम्वन्ति निकायमा लेखी पठाउने प्रतिवद्धता व्यक्त ।** |
| | गणेशलाल श्रेष्ठ ठाडा २ | डमरु दहले दुख पाए जस्तो छ। यसलाई विशेष योजनामा पार्न सुझाव | | |
| | राम वहादुर ताम्राकार | आफुलाई कुनै कार्यक्रमको संचारमा उपयोग गर्न अनुरोध | | |
| | रमेश सेनाल | प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा अपग्रेड गर्ने सरकारको निर्णय कार्यान्वयको लागि जिल्लामा केही भएको छ की छैन । | | |
| | जसरामे वासिन्दा उमानन्द भुसाल | जसरामे वस्तीमा कुनै कृषि, पशु, सडक, खानेपानी जस्ता योजना तथा कार्यक्रम परेको छैनन । सवै किसिमवाट यो वस्ती पछाडि परेको छ । | | |
| | सितापुरका सहभागी | ठाडा दहको विकास मा सवै वाट कुरा आउछ । किकेट खेल्ने स्थान ओगटेको महत्वपुर्ण सितापुरको दहमा कसैको ध्यान पुगने | | |
| | ठाडावासी | **गृहमंत्रालयको निर्णयवाट गाडिमा सिटमा भन्दा बढी यात्रु नराख्दा ठाडा वासीलाई कठिनाई भएको , ठाडा देखि बुटवल सम्मको छुट्टा गाडी चलाउने व्यवस्थाका लागि अनुरोध ।** | | |

## रेडियो बाट प्रसारण हुने / सूचना पाटी मार्फत सार्वजनिक भएको आ.व. ०७०/०७१ को प्रगती समिक्षाको निचोड

आ.व. ०७०/०७१ का लागि छनौट भई पारित योजना तथा कार्यक्रम मध्ये अधिकांशको कार्य सम्पादन पूरा भई (९८ प्रतिशत भन्दा माथि) तदनुरुपको भौतिक र वित्तिय प्रगती हासिल भएको छ । आ.व.०७०/०७१ मा जिल्लामा ४ वटा पक्की मोटरेवल सडक पुल का साथै ४ वटा झोलुङ्गे पुल को निर्माण सम्पन्न भएका छन् । पूर्वाधार तर्फ ५७ कि.मी भन्दा वढी विद्युतिय लाइन विस्तार तथा मर्मत सुधार, ४ वटा खानेपानी योजना, ३० कि.मी भन्दा वढी सडक ग्राभेल हुनुका साथै भवन लगायतका मुख्य पूर्वाधार तयार भएका छन् । लक्षित वर्ग तर्फको रकम मध्येबाट १५ जना दलित युवा युवतीलाई ड्राईभिङ्ग तालिम दिनुका साथै विभिन्न कार्यक्रम बाट गरी १७०० भन्दा बढी समुह सदस्य सहितका पदाधिकारीहरुका लागि क्षमता, सचेतना र आयमुलक कार्यक्रम संचालन भएका छन् । जिविस द्वारा संचालित अधिकांश योजना कार्यक्रमको जिविसको कर्मचारीको रोहवरमा सार्वजनिक परिक्षण भई पारदर्शिता अभिवृद्धी मार्फत सुशासनमा टेवा पुग्न गएको छ । सवै विकास साझेदार विषयगत निकायवीच निकट कार्यगत समन्वय स्थापना भएको छ ।

योजना/ कार्यक्रम कार्यन्वयनसँगै नतिजा मापन र संचालित कार्यक्रमको अनुगमनको कार्यलाई अभिन्न अङ्गको रुपमा सुदृढ र प्रणालिवद्ध वनाउने कार्यलाई आ.व. ०७०/०७१ मा पनि निरन्तर जारी राखिएको कारण सम्पन्न सवै मुख्य पूर्वाधार लगायतका योजना कार्यक्रमको सघन र सहभागीतामूलक अनुगमन गरिएको छ । योजना कार्यन्यनसँगै अनुगमन पनि प्रभावकारी ढंगले संचालन गर्ने कार्यलाई संवेदनशिल महत्वका साथ चालु आ.व.मा पनि निरन्तरता दिनु पर्ने आवश्यक्तामा सवैको जोड रहेको छ ।